जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- १९, २०८२ मंसिर १८ गते विहीबार, 4 Dec 2025, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

हेटौंडाको सडक विस्तारबारे चौतार्फी चासो

सडक विस्तारको लागि झण्डै हजार जना सुरक्षाकर्मी परिचालनको तयारी



प्रशासनलाई रोक्ने दबाब

○ सहीखबर संवाददाता

मकवानपुर । हेटौंडाको सडक विस्तारको लागि सुरक्षा व्यवस्था तयारी अवस्थामा राखिएको छ । सडक विस्तार विरूद्ध उत्रनेहरूलाई नियन्त्रणमा लिनको लागि प्रशासनले जिल्ला सुरक्षा समितिको बैठकमार्फत रूलिङ गरेको छ ।

सडक विस्तारको लागि आफ्नो संरचना र व्यवसाय हटाउन दिइएको समयसिमा नजिकिदै गर्दा थप आक्रोशित बन्दै आएका घरधनी व्यवसायीहरूलाई विकल्पमा सहमत भएर विस्तार कार्यमा सघाउन प्रशासनले आग्रह गरेको छ ।

"हामीले आफ्नो तर्फबाट सबैलाई अनुरोध गरेका छौ, उहाँहरूले साथ दिनुहुन्छ भन्नेमा आशावादी पनि छौ" प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले भने "केही अप्रिय घटना नहोस् भनेर सुरक्षा दस्ता तयार गरिएको हो ।"

यसको लागि नेपाल प्रहरीबाट करिब ३०० जना, शसस्त्र प्रहरीबाट करिब २ सय जना, र आवश्यकता अनुसारको संङ्ख्यामा आर्मी फोर्सको मोवाइल टोली परिचालन गरिने छ ।

सडक सिमामित्रको संरचना हटाउनको लागि दिइएको समयावधि मंसिर २० गते सकिदै छ । २० गते नै डिभिजन सडक कार्यालयले सडक विस्तारको लागि डोजर लगाउन सुरू गर्ने बताएको छ । एकैदिन फरक फरक ३ स्थानबाट डोजर सुरू गरिने तयारी भएको बुझिएको छ, यद्यपि संरचना भत्काउन कहाँबाट सुरू गर्ने भन्नेबारेमा भने सुरक्षा अवस्थालाई ध्यानमा राखेर जानकारी गोप्य राखिएको छ।

यता सडक विस्तार विरूद्ध सडकमा उत्रिएका घरधनी तथा व्यवसायीहरूले हेटौंडाका मुख्य राजमार्गमा नाराबाजी गर्दै जवरजस्ती पसल तथा व्यवसायहरू बन्द गराउँदै हिँडेका छन्। मंगलबारदेखि नियमित जसो आन्दोलन भइरहेको छ भने बिहान केही समय खुलेका पसलहरू दिन घर्किदै जाँदा आन्दोलनमा परिणत हुन्छन् ।

सरकारले राजमार्गको केन्द्रबाट दायाँ बायाँ २५/२५ गज सडक विस्तार गर्ने योजना अघि सारेपछि हेटौंडाका बासिन्दाहरू विरोधमा उत्रिएका हुन् । उनीहरूले मुआब्जाको माग गर्दै सडक विस्तारको विरोधमा उत्रिएका हुन् । उनीहरूले 'नागरिकलाई उठिबास लगाउन पाइँदैन', 'बिना विकल्प डोजर आतंक बन्द गर', 'व्यवसायीको उचित व्यवस्थापन गर' जस्ता नारा लगाउँदै विरोध गर्दै आएका छन् ।

बजार क्षेत्रमा २५ गज सडक विस्तार गर्दा सयौं घरहरू भत्किने र नागरिक सुकुम्बासी हुने भन्दै सांविधानले प्रदत्त गरेको सम्पत्ती सम्बन्धी अधिकार सुनिश्चिताको माग गरेका आन्दोरत व्यवसायी किशोर ढकालले बताए । उनीहरूले बजार क्षेत्रमा सडकको चौडाइ १६ मिटर मात्र कायम गरिनुपर्ने वा विकल्पमा 'बाइपास' सडक प्रयोग गर्नुपर्ने माग राख्दै आएका छन् भने भत्काडने संरचनाको उचित मुआब्जा र क्षतिपूर्तिको ग्यारेन्टी नभएसम्म डोजर चलाउन नदिने अडान राखेका छन् ।

सडकमा सुरक्षाकर्मी

प्रर्दशनका क्रममा तनाव बढ्न नदिन जिल्ला प्रशासन कार्यालय मकवानपुरले बजार क्षेत्रमा बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन गरेको थियो । स्थानीय प्रशासनले शान्तिपूर्ण विरोध गर्न पाइने भए पनि जबरजस्ती बन्द गराउनु र नागरिकको दैनिक जीवनमा अवरोध पुर्‍याउनु गैरकानुनी भएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले बताए ।

जबरजस्ती पसल बन्द गराउँदै हिँड्ने समूहलाई प्रशासनले कारबाही गर्ने बताएको छ । आन्दोलनको नाममा अराजकता मच्याउने, अरूको अधिकार हनन् गर्ने क्रियाकलाप गर्ने विरूद्ध प्रशासन अब मूकदर्शक भएर नबस्ने प्रजिअ अधिकारीको भनाई छ ।

सडक विस्तारको सवालमा व्यवसायीहरू र घरधनी दुई पक्षमा बाँडिएको देखिन्छ । प्रशासनले २० गतेसम्मको समयसीमा तोकेपछि घर धनीहरूले व्यापारीलाई अनावश्यक दबाब दिइरहेको उनले बताए । जबरजस्ती बन्द गराउने र धम्की दिने समूहको निगरानी गर्न प्रशासनले सादा पोसाक (सिभिल ड्रेस) मा प्रहरी टोली परिचालन गर्दै आएको छ ।

विस्थापितलाई विकल्प प्रस्ताव

सडक डिभिजन हेटौंडाले मंसिर ५ गते १५ दिने सूचना जारी गर्दै मंसिर २० गतेदेखि हेटौंडाको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र बुद्धचोकदेखि सामरीसम्मका ५ सय ३१ घर ढहरा हटाउने तयारी गरेको छ । जसमा ३ वटा सरकारी बैकको संरचना समेत पर्ने डिभिजन सडक कार्यालय प्रमुख गुरू प्रसाद अधिकारीले बताए । यसैगरी विस्तारीत क्षेत्रमा पर्ने धार्मिक सम्पदाका संरचनाहरू निर्माण कार्य सम्पन्न भएपछि उपयुक्त स्थानमा व्यवस्थापन गरिने अधिकारीले बताए ।

यता बजारमा मने संघर्ष समितीको नाममा दिनहुँ जुलुस नाराबाजी र प्रशासनमा ज्ञापन पत्र बुझाउनेको लर्को छ । केही व्यापारीहरूले आफ्नो गोदाम खाली गर्नको लागि छुटमा सामग्री बिक्री गरिरहेका छन् । लामो समयदेखि सडक विस्तारको सवाल चर्चामा रहदै आएकोले अधिकांशले आफ्नो वैकल्पिक तयारी गरि सकेका छन् । वास्तममा नै बेघरबार हुनेहरूको लागि स्थानीय सरकारले विकल्प दिनु पर्ने माग उठिरहेको छ ।

मकवानपुर उद्योग वाणिज्य संघले भने २५-२५ गज भत्काउन नपाउने भन्दै व्यापारीहरूलाई जुलुसमा उतारीरहेको छ । सडक डिभिजन हेटौंडाले २५-२५ गज सडक विस्तार गर्दा हेटौंडा उपमहानगरपालिकाले विस्थापित हुने व्यवसायीलाई बजार क्षेत्रमा व्यवस्थापन गर्न सकिने जनाएको छ ।

सडक विस्तार गर्दा विस्थापित हुने व्यवसायीलाई आफ्नो रोजीरोटी चलाउनको व्यवसायबाटै विस्थापित हुन नपरोस् भनेर स्थानीय तहले व्यवस्थापनको ३ वटा विकल्प दिएको छ । जसमा हेटौंडा बसपार्कमा रहेका ४० वटा व्यापारीक सटरमा आफ्नो व्यवसाय राख्न सकिने विकल्प छ । यसको लागि मकवानपुर उद्योग वाणिज्य संघको समन्वय आवश्यक हुने बताएको छ । तर संघ अहिले विकल्पमाथि छलफल गर्न तयार नभएपछि समस्या चुलिदो छ । यसैगरी हेटौंडा(११ स्थित तरकारी फलफूल तथा थोक बजारका लागि निर्माण भएका ६० वटा कोठामा समेत विस्थापित व्यवसायीलाई राख्न सकिने अर्को विकल्प रहेको नगरप्रमुख मीनाकुमार लामाले बताइन् ।

यता हेटौंडा ४ मा रहेको भूटनदेवी माध्यमिक विद्यालयले निर्माण गरेका खाली सटरमा समेत व्यवस्थापन गर्न सकिनेबारे उपमहानगरपालिकामा छलफल भएको लामाले बताइन् । धेरैजसो व्यवसायीले हेटौंडा बजार क्षेत्रमा ३ वटा पसल राखेर व्यवस्थापन गरिसकेको उपमहानगरपालिकाको बुझाइ छ । बजार क्षेत्र भत्कने हल्लासँगै लामो समयदेखि खाली रहेको नारायणी मलसमेत व्यवसायीले बुक गरिसकेका छन् ।

बजार क्षेत्रमा खाली रहेका सुपर मार्केटमा समेत व्यवसायीलाई व्यवस्थापन गर्न सकिन्छ । विस्थापित व्यवसायीको पुन:स्थापनामा आवश्यक सहयोग र समन्वय गर्न मकवानपुर उद्योग वाणिज्य संघलाई हेटौंडा उपमहानगरपालिकाले आग्रह गरेको छ ।

इन्साइड स्टोरीहरू

स्थानीय सरकारको समन्वयमा सशक्त बन्दै सर्वसाधारण



किसानको यात्रा समृद्धितर्फ उन्मुख नभइकन देशमा आर्थिक विकास संभव छैन ।

पेज ३ मा

आकर्षक गन्तव्यमा डङ्गुर फोहोर



पर्यटकीय गन्तव्यमा फोहोर थपिदै गएको प्रति स्थानीय सरकार, सामुदायिक वन, टोल विकास संस्था सबै जानकारी छन् तर फोहोरको दीगो व्यवस्थापनतर्फ भने सबै तै चुप मै चुप छन् ।

पेज ४ मा

दाम्पत्य जीवनको उदाहरणीय जोडी



"हामी दुबैले सहकार्यको सवाल बुझेका छौ, यसै कारणले जीवन सुखमयमात्रै हैन उदाहरणीय भएको छ । वरपरका छिमेकीहरु पनि हाम्रो दम्पत्य जीवन उदाहरण लिनुहुन्छ"

पेज ५ मा

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

सडक र समृद्धि

हेटौंडा बजारको सडक विस्तारको सवालले अहिले जिल्लाको राजनीतिकदेखि सबै क्षेत्र तातेको छ । बागमती प्रदेशको राजधानी हेटौंडामा पछिल्लो समय सवारी चाप ह्वातै बढेको छ, जनघनत्व पनि बढेको छ । साँघुरो सडकले थेग्नै नसक्ने गरि बढेको सवारी चापलाई व्यवस्थित गर्नको लागि मात्रै हैन सडक समृद्धिको पनि प्रतिक हो । चौडा सडक केवल भौतिक संरचना होइन, सुरक्षित, द्रुत र व्यवस्थित सहर जीवनको आधार हो। यसैले पनि यातायात संरचना दिगो, आधुनिक र भविष्यमुखी हुनु आजको आवश्यकता हो।

सडक विस्तारका कामसँगै उठेको सवाल हो सर्वसाधारणको विस्थापितको सवाल । सडक छेउका घरधनी, व्यापारी वा साना व्यवसायीले वर्षौंदेखि आफ्नो जिवनयापन त्यही स्थानमा गरेका छन्। उनीहरुको बासस्थान, रोजगारी र पूँजी अचानक प्रभावित हुँदा तिनीहरुलाई अप्ठेरो पर्नसक्छ । सरकार र स्थानीय तहले विस्थापितका लागि स्पष्ट, न्यायोचित र समयमै क्षतिपूर्ति,वैकल्पिक सुविधा तथा सहजीकरणको व्यवस्था गर्नुपर्छ।

केही घरधनीहरुले क्षतिपूर्ति बुझिसकेपछि पनि सडक विस्तारको विरोध गर्दै, अनावश्यक बखेडा झिक्दै र अरुलाई उक्साउने काम गरेको देखिन्छ । अधिकारसँगै कर्तव्य पनि जोडिन्छ। मुआब्जा लिएपछि परियोजना रोकेर राख्ने, जनमत भड्काउने वा व्यक्तिगत स्वार्थलाई सामूहिक हितमाथि राख्ने प्रवृत्ति केवल विकासलाई ढिलो बनाउने मात्र होइन, समाजमा अविश्वास फैलाउने काम पनि हो।

अब आवश्यक छ कि सडक विस्तारलाई राजनीतिको एजेन्डा होइन, नागरिक सुरक्षाको अनिवार्य पूर्वाधारका रुपमा बुझ्ने। सरकार पक्षले विस्थापित व्यवस्थापनमा पारदर्शिता र संवेदनशीलता देखाओस्, र नागरिकले पनि विकासप्रति जिम्मेवार र सकारात्मक व्यवहार अपनाओस्। हेटौंडाको मोलि कस्तो बन्ने हो, यही सडकले निर्धारण गर्छ। त्यसैले आज सबैले मिलेर सही निर्णय, सही व्यवहार र सही सहयोगका माध्यमबाट व्यवस्थित र सुरक्षित हेटौंडा निर्माणको बाटो रोज्नुपर्छ।

महिलाले आफ्ना कथा कसरी सुनाउने ?

सुशीला शर्मा

सोह्रदिने लैंगिक हिंसाविरूद्धका अभियान पनि चलिरहेकै हुन्छन् । यस्ता अवसरमा महिलाकेन्द्रित सिकाइ, छलफल केन्द्र, लाइब्रेरी स्थापनाबारे पनि कार्यक्रम चलाउँदा त्यो प्रभावकारी हुनेछ । फुर्सदका बेला महिलाहरु त्यो 'स्पेस' मा महिलाकै समस्यामाथि छलफल गरुन् । र, तिनले आफ्ना समस्या पहिचान गरुन् ।

सोह्रदिने लैंगिक हिंसाविरूद्धको अन्तरक्रिया कार्यक्रम चलिरहेको थियो । परिचय कार्यक्रममा अलि खुलाएर आफ्नोबारे भन्नुपर्ने थियो । पुरूष महिलालगायत लैंगिक यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्तित्व सबैले आ आफ्नो परिचय दिए ।

महिलाले भूमिका बाँधेर परिचय दिँदा धेरैको मुखबाट 'म एक आमा हुँ', 'करौको श्रीमती हुँ', 'करौकी बुहारी हुँ', 'अनि बल्ल कुनै कार्यालयमा काम गर्ने कर्मचारी हुँ' भन्ने जस्ता अभिव्यक्ति आयो । तिनको परिचय आउनुपर्ने थियो त 'म एक आत्मनिर्भर र आत्मविश्वासी व्यक्ति हुँ' भन्ने पनि, तर कुरा भावनाको हुँदोरहेछ ।

भावनाले हामीलाई कसेर बाँधेको हुनेरहेछ । हुन त भावनालाई चटक्कै छाडेर आफ्ना मात्रै कुरा राख्दा कतै मानवतामा दक्खल पुग्ने हो कि भन्ने एक प्रकारको भयले पनि जरो गाडिराखेको हुन्छ हाम्रो मनमा । मान्छे मान्छेबीच एकआपसमा माया, प्रेम, सामीप्यता बनाइराख्न पनि भावनालाई बलियो बनाउनुपर्छ ।

जीवनका केही वर्ष मात्रै मानिसले 'म एक्लै केही गर्न सक्छु, करौको साथ सहयोग नभए पनि' भनेर संघर्ष गर्न सक्लान् । तर, साङ्लो बाँधिएजस्तै मानिस एकआपसमा भने जेलिएको हुन्छ । कतिपयले भने आफ्नो स्व:परिचय दिँदा हामीले पहिरिएका कपडा, गरगहना, चुरा पोतेको सहारा पनि लिँदारहेछौं ।

जस्तो अहिलेकी एक चर्चित गायकले आफ्नो प्रेमी अनि पछि श्रीमान्सँग विचार नमिलेका कारण छुट्टिनुपर्दा यस्तैखाले भावुक स्टाटस पोस्ट गरेबाट पनि यो आकलन गर्न सकिन्छ । उनले आफू एक सबल र सक्षम युवती भएको, विचार मिल्न नसकेर जोडी छुट्टिएको विषयलाई सामान्य नमानेर भावनामा आफैंलाई पीडित बनाइरहेकी थिइन् ।

सबैलाई सबै ठाउँमा आफ्नो परिचय खुलाइरहनु पनि पर्दैन । जहाँ साक्षर मानिस एकआपसमा भेला हुन्छन्, परिचय गर्छन्, आफूलाई अझ बढी समाजमा चिनाउने आकांक्षा राख्छन् । यस्तोमा योखाले परिचयको आवश्यक पर्छ । तर, यसरी दुई चार जनाबीच परिचय नगरीकनै पनि जीवन संघर्ष गरिरहेका मानिस/महिला मनग्गे छन् हाम्रो समाजमा । हाम्रा आमा, दिदी, बहिनीहरुले जीवन बाँच्न संघर्षको आफ्नै शैली बनाएका छन् ।

आफ्ना लागि मात्रै नसोचेर परिवारमाथिको जिम्मेवारी बोध गर्दै, बालबच्चाको स्याहार सुसारमा कुनै आँच आउन नदिई सम्पूर्ण समय परिवार मै समर्पित गर्ने महिला हुन् या आफू विभिन्न रोगले ग्रसित हुँदाहुँदै हिम्मत जुटाएर श्रीमान्को स्वास्थ्य ख्याल राखिरहेकी ज्येष्ठ महिला नै किन नहोऊन् तिनले 'सबल मान्छे' हुनुको परिचय परिवारमै र छरछिमेकका अघि दिइरहेकै छन् ।

महिला हुन् वा पुरूष वा लैंगिक तथा यौनिक अल्पसंख्यक सर्वप्रथम उनीहरु मानव हुन् र उनीहरुको स्वतन्त्र व्यक्तिको पहिचान हुन्छ । आ नै नैतिकताको मापन बनाएर, धर्म संस्कृतिले दिएका भूमिका र अग्रजहरुको निर्देशन मान्दै पनि ऊ 'आफू' भएर हिँडिरहेको हुन्छ । हुन त हाम्रा परि चयलाई धेरै थरी चीजले बाँधेको हुन्छन् धर्म, संस्कृति अनि जातका पर्खाल ।

आफ्नो मूल्य, विश्वास, रूचि, सबलता, कमजोरी, विगतको अनुभव र भावनाले व्यक्तिगत जीवन डोहोऱ्याइराखेको हुन्छ । आफ्नो मूल्यको पहिचान गर्ने र कुन सिद्धान्त, इमानदारिता, न्यायले निर्देशित छु भन्ने कुरा हामी आफैंलाई पनि जानकारी नभएको हुन सक्छ । आफू साँच्चै के गर्न चाहने हो ? सोको पहिचान र त्यो काम गर्ने छुट अनि वातावरण कतिको छ ? त्यो पनि सोचेर चल्ने वातावरण छैन ।

आफ्ना सबल पक्ष र कमजोरीलाई पहिचान तथा समीक्षा गर्दै सुधार गर्नुपर्ने विषयमा हामी सोच्न म्याउँछौं कि म्याउँदैनौं ? आफ्ना विगतहरुले आजको दिनको मापन गऱ्यो कि गरेन होला ? लेख्न सक्नहरुले विचार र भावना लेख्न र आत्मसमीक्षा गर्न सक्छन् । तर, विचार, भावना र आत्मसम्मानले बाँचेका कैयौं महिला अक्षर बुझ्न नसक्ने पनि हुन्छन् ।

भन्न त आफू के बन्न चाहेको हो र कस्तो खालको जीवन जिउन चाहेको हो ? भिजुअलाइजेसन गर्ने नै पो कति छौं र ? 'जसरी चल्छ चल्छ' को व्यवस्था, पितृसत्ता र महिलाप्रतिको सामाजिक मूल्य मान्यताले पनि हाम्रो आत्मपहिचान गुमनाम छ ।

आफ्ना पीडा एक महिलाले कतै न कतै करौसँग बाँझन चाहिरहेका हुन्छन् । प्राय: महिलाले मनका बह कतै न कतै पोखेर 'स्ट्रेस रिलिज' गरिरहेका हुन्छन् । एउटा सानो उदाहरण दिऊँ: म सार्वजनिक बसमा यात्रा गर्दै थिएँ । एक जना हंसमुख र फरासिली लाग्ने महिला बस चढिन् । बस रित्तै थियो । उनले यताउता सबैतिर नियालिन् ।

अनि मसँग कुरा गर्न थालिन् । तपाई कहाँ जाने ? घरै यतै हो कि ? के काम गर्नुहुन्छ ? सरकारी काम हो कि दैनिक ज्यालादारी ? एकपछि अर्को प्रश्न सोध्दै गइन् । मैले एकदुई वटाको मात्रै जवाफ दिएर ठारिरहेकी थिएँ । उनी आफ्नोबारे पनि बताउन खोज्दै थिइन् । ४५ मिनेटको दूरीमा आफ्नो माइती भए पनि विगत ३ महिनादेखि आमाबाबु भेट्न जान नपाएको कुरा उनी भनिरहेकी थिइन् । यस्तैमा अर्को स्पटबाट अर्की महिला बस चढिन् । ती महिला पनि बोलक्कड रहिछन् ।

ती चर्चमा जान लागेको कुरा गर्दै थिइन् । ३ महिनापछि माइत जान लागेकी महिला र चर्चमा जान लागेकी महिलाबीच फेरि संवाद हुन थाल्यो । मसँग भन्न बाँकी कुरा ती पहिले बस चढ्ने महिलाले अर्की चर्च जान लागेकी महिलासँग खोलिन् । उनको दर्दभरि कहानी रहेछ । उनी १३ वर्षदेखि प्यारालाइज्ड श्रीमान्को रेखदेख गरेर बसिरहेकी रहिछन् ।

उनी भन्दै थिइन् २० वर्ष अगाडि रुखबाट लडेर श्रीमान्को ढाडको हड्डी भाँचिएको थियो र त्यसको ७ वर्षपछि उनी प्यारालाइज्ड नै भए । यी कुरा उनी ती चर्च जाने महिलालाई बाँडिरहेकी थिइन् ।

फेरि ती महिलाले 'हैन, प्रभुकोमा जानुस् न । जस्तोसुकै समस्या भए पनि ठीक पारिदिनुहुन्छ' भन्दै थिइन् । र, लोग्नेको स्याहार रेखदेख गरिरहेकी महिला भने अब भएभरका ओखतीमूलो गरिसकेको हुनाले ठीक हुन नसक्ने कुरा गर्दै थिइन् । तर, ती विश्वासी महिलाले काल्पनिक र हुने नसक्ने कुरालाई जोड दिएर नीको हुन्छ भनिराखेकै थिइन् । अरु छेउछाउका कुरा सुन्नेले पनि चुपचाप सुनिरहेकै थिए, जसमा म पनि ती महिलाले गलत प्रेषण गरिरहेकी छन् भन्ने लाग्दालाग्दै चुपचाप थिएँ ।

हामी महिलालाई व्यथा फुकाउनुपरे कुनै गोप्य स्थानको आवश्यकता पर्ने रहेनछ । र, अन्धविश्वासकै कुरा गर्न पनि महिलालाई सार्वजनिक ठाउँ काफी हुनेरहेछ । एक महिला घरमा श्रीमान्को प्यारालाइज्ड अवस्थाबारे बह पोखेर केही सदासयता र आफ्नो नोपन प्राप्त गर्न चाहन्थिन्, तर जसलाई सुनाइएको थियो, ती भने गलत सन्देश बाँडेर ढाडस दिँदै थिइन् । हामी बाँचेको समाज यस्तो छ, हामी आफ्नै प्रकारको जीवन जिउने शैली लिएर बाँचिरहेका छौं । कतै न कतै हामीले आफ्ना पीडा, दु:ख, खुसी र संघर्षका इतिहासलाई परिचय बनाएर करौसामु अभिव्यक्ति गर्न खोजिरहेका हुँदारहेछौं । तर, त्यो परिचयमित्रको मर्मचाहिँ सुन्ने मान्छेले महसुस गर्छ कि गर्दैन ? त्यो विचारणीय छ ।

महिलाको वेदनाको कुरा महिलाले मात्रै बुझ्ने हो कि पुरूषले पनि आत्मसात् गर्नुपर्ने हो ? त्यो प्रश्न महत्वपूर्ण छ । अनि पुरूषले पनि आफ्ना भावना महिलासँग नि:संकोच बाँड्नुपर्छ । प्राय: भावना साटासाटमा पुरूषले 'महिलाका कुरा' लाई उति ध्यान दिएको पाइँदैन ।

तर, हामीले सोच्ने बुझ्ने शैली फरक भए पनि भावनात्मक र मानवताका कुरा आउँदा भने मानवताकै व्यवहार देखाउनुपर्ने हुन्छ । करौले आफ्ना बह पोखिरहेको खण्डमा केही भावनात्मक सहयोग पनि पाओस् । तर, त्यसो भन्दैमा फेरि माथि उल्लेख गरेजस्तो 'प्रभुको शरणमा गएर रोइकराइ गर, अवश्य तिम्रो श्रीमानको रोग निको हुन्छ' भन्ने खालका भावनात्मक सहयोग नहोस् । अब हामी महिलाले विशेष गरी 'आफ्नो परि चय' मा पुराना र अन्धविश्वासी मनोदशा फालेर प्रगतिउन्मुख स्वयंको परि चय समाजमा दिने बेला भइसकेको छ ।

सोह्रदिने लैंगिक हिंसाविरूद्धका अभियान पनि चलिरहेकै हुन्छन् । यस्ता अवसरमा महिलाकेन्द्रित सिकाइ, छलफल केन्द्र, लाइब्रेरी स्थापनाबारे पनि कार्यक्रम चलाउँदा त्यो प्रभावकारी हुनेछ । फुर्सदका बेला महिलाहरु त्यो 'स्पेस' मा महिलाकै समस्यामाथि छलफल गरुन् । र, तिनले आफ्ना समस्या पहिचान गरुन् । इकान्तिपुरबाट

सहीखबर
समाचार/विविध
www.saheekhabar.com
२०८२ मंसिर १८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

स्थानीय सरकारको समन्वयमा सशक्त बन्दै सर्वसाधारण


○सरिता दाहाल

मकवानपुर । मकवानपुर मनहरी गाउँपालिका वडा न ४ ठाडो खोलाकी २५ वर्षिया रिमाको अनुहारमा अहिले चमक भरिएको छ । ३ वर्ष अघिसम्म आफ्नो दैनिकी देखेर आफैं उकुसमुकुस थिइन् रिमा । आर्थिक रूपमा कमजोर परिवार घर चलाउन नै धौधौ थियो । मनहरी बजार बाट झण्डै २ घण्टा खहरे र उकाली हिडाइपछि पुगिन्छ रिमाको बस्ति । काठले बारेर बनाइएको घरको आकार, जहाँबाट घाम सजिले मित्र चिहाउँछ, पानी सहजै परदछ । पहिरोको जोखिममा छ त्यही घर पनि । २ महिना अघिको झरीमा घर छेउकै बारी पहिरोले लग्यो । तर रिमाको हिम्मत घटेको छैन । ३ वर्ष अघि स्थानीय सरकारले आफूलाई दिएको पाडी उनको हिम्मतको एउटा कडि हो ।

आर्थिक अवस्था सुधारको लागि मनहरी गाउँपाललिकाले रिमालाई ३ वर्ष पहिले अनुदानमा पाडी दिएको थियो । जसलाई रिमाले ३ हजार ५ सय ६० रूपैयाँ मात्रै लगानी गरिन् । स्थानीय सरकारबाट उनले लिएको यो अनुदान पहिलो पटक हो । "यसरी सरकारले हामी दुखी गरिबलाई राहत दिन्छ भन्ने नै थाहा थिएन, आफैंले पाएपछि थाहा भयो" रिमा भन्छिन् "अहिले बेच्यो भने पनि ६० हजार माथि नै आउँछ, तर बेच्दिन, यसबाट दुध बिक्री गर्ने र पाडापाडी बढाउने विचार छ।"

विकट बस्ति बासोबास गर्ने उनले यसअघि गाउँपालिका जान नै डर लाग्ने गरेको बताइन् । "कसरी जाने कसलाई भेट्ने के भन्ने थाहै थिएन, बच्चाको जन्मदर्ता गराउन जाँदा पनि कति पटक भित्र बाहिर गरेर धेरै कष्टले बनाएर आएँ" उनले सुनाइन अब त चाहिएको कुरा भन्न सक्छु । आफ्नो टोलमा समूह गठन भएपछि, केही समस्या राख्न र आफ्ना जनप्रतिनिधिसँग बोल्न सक्ने भएको उनले बताइन् ।

"एक साता अघि पनि गाउँपालिकाले चुल्हो बाँडिरहेको छ तर यहाँ १५ रूपैयाँदेखि ६० रूपैयासम्म पैसा उठाएको पाएँ, अरू वडाहरूमा बुझ्दा पैसा नै नपर्ने रहेछ, निशुल्क चुल्होलाई यता किन पैसा उठाएको उजुरी गर्दिउ भनेपछि पैसा लिएन" रिमा भन्छिन् "संसार बोल्नेको मात्रै रहेछ, गाउँपालिकाको सेवा सुविधा अरू वडामा के के छ बुझेर हामी अघि बढ्छौं ।" रिमाले



अर्को भैंसी, एक हल गोरू पनि पालेकी छिन्, बाँकी समय खेती र ज्यालामा लगाउँछिन् । आर्थिक सशक्तिकरणको पाइलाहरू मजबुत बन्दै छन् रिमाको ।

ठाडो खोला कृषक महिला समूहको सचिवको जिम्मेवारी रिमामाथि नै छ, उनी अहिले गाउँपालिकाको अध्यक्ष उपाध्यक्षसँग समूहको भलाइको लागि आवाज उठाउन सक्ने भएकी छिन् "आफ्नो कुरा नराखेसम्म अरूले तलाइ ला भनेर त कहाँ दिने रहेछ र ?" रिमा भन्छिन् "आफैं तातेपछि केही राहत त हुने रहेछ ।"

रिमाको जस्तै घर चलेको छ ३८ वर्षिया अविना प्रजाको पनि क्षयरोगको कारण ३५ वर्षकै उमेर ५ वर्ष अघि उनको श्रीमान माइला प्रजाको मृत्यु भयो । अहिले १५ वर्षिय छोरालाई पनि क्षयरोगको संक्रमण देखिएको छ । वडाबाट २ वर्ष पहिले ५ वटा बाख्रा सहयोग पाएकी थिइन् अविनाले । जसले छोराछोरी पढाउन र घर चलाउन आर्थिक रूपमा सहज भयो । ज्यालमजदुर गरेर भए पनि श्रीमान् हुदा घर चलेको थियो, उहाँ बिरामी भएपछि उपचारमा खर्च गर्न पनि सकिएन, बितेर गएपछि झन् मलाई शंकट नै थियो" अविना भन्छिन् "समूहका साथीहरूको पहलमा वडाले सहयोग गरेपछि मैले छोराछोरी पढाउन र घर धान्न सकेको हुँ ।" वडाले दिएको ५ वटा बाख्राबाट अनिवाले २१ वटा पुऱ्याइन्, हुर्केका बाख्राहरू बेचिन्, अहिले साना ठुला गरी ११ वटा बाख्रा छन् । छोराको उपचार मा पनि यही बाख्राको आम्दानीले राहत भएको बताउँछिन् अविना ।

अविनाको लागि बाख्रा बाहेक अरू आय स्रोत छैन, तरकारीको लागि उनको बस्तिमा पानीको समस्या छ । "सुख्खा मौसममा पिउने पानी नै हुदैन, पाखो बारी छ बाख्रा सजिलो छ" राधिकाले भनिन् । २०८१ भदौमा २ वटा बाख्रा चाँही बाघले खायो, त्यसको पैसा आउँछ भनेर आश्वासन पाइन् तर क्षतिपुर्ति भने पाइनन् ।

सबैभन्दा ठुलो कुरा त आफ्नो लागि आफैं लाग्नु पर्ने रहेछ भन्ने बुझाइ भएको छ स्थानीय राधिका प्रजालाई पनि । मकवानपुर महिला उत्थान समूहको सहजिकरणमा कृषक समूह गठन भएपछि यहाँका समुदायले तरकारी खेती, बाख्रा पालन, पाडा पालन गरिरहेका छन् । पाखोबारीमा कृषि उपज राम्रो हुदैन, वर्षमा ३ महिनामात्रै खान पुग्छ, त्यसैले उनले २५ कठ्ठा खेत अरूको कमाएकी छिन्, जसको भाडा दिएर आफूलाई बर्षभरी पुग्ने अनाज उत्पादन हुन्छ । स्थानीय सरकारले धानको बिउमा पनि अनुदान दिन्छ, यसले पनि धेरै राहत हुन्छन् ।

स्थानीय सरकार र स्थानीय सर्वसाधारणबीच पूलको काम गरेको छ ठाडोखोला कृषक महिला समूहले । सरकार को संरचनाकै रूपमा रहेको टोल विकास समूह भने यहाँ सकृय छैन । टोल विकास समूह नभएपछि टोलको भलाइको लागि अन्य विकास निर्माणको पाटो भने ओझेलमै छ । ३ वर्ष अघि टोल विकास समिति गठन गरेको तर, को को समितिमा छन् भन्ने समेत जानकारी छैन ।

टोल विकास समुह सक्रिय भएमा स्थानीय ठाउँमा बाटो निर्माण, हानिकारक अभ्यास निवारणको लागि पनि पहल हुने अपेक्षा गर्छन महेश प्रजा । यो बस्तिमा जानको लागि गोरेटो बाटोको अरू विकल्प छैन । सामान्य दयाक्टर आउने दयाक मात्रै पनि नभएपछि खेतसम्म मल लैजान पनि सकस छ स्थानीयहरूलाई । "आर्थिक रूपमा हामी पछाडी छौ, दिनहुँ ज्याला मजदुरीमै जाने हो, अरूको जग्गा कमाएका छौ, मल लैजान पनि व्यक्तिले बोक्नुपर्छ, वडासम्म व्यक्तिले लगेको आवाजले बल पुग्ने रहेनछ" स्थानीय राधिका प्रजाले भनिन् । वडा सरकारले पार्टीगत रूपमा टोललाई विकासबाटै पक्षपात गरेको आभाष पनि छ स्थानीयहरूलाई । "वडा सरकारको पनि केही गलत कदम छन्, तर हामीले गरेको कुराको सुनुवाइ हुदैन, टोल विकास छैन, हाम्रो पहुँच पुग्दैन" उनले भनिन् ।

वडा र गाउँपालिकाले दिने अनुदानमा कहिले काँही धरौटीको व्यवस्था गर्दा प्राप्त अनुदान पनि स्थानीयको पहुँचभन्दा बहिर रहेको मकवानपुर महिला उत्पान समूहकी सामाजिक सहजकर्ता विष्णुमाया तितुङ बताउँछिन् । "केही समय अघि वडाबाट ५ वटा बाख्राको लागि २० हजार पैसा डिपोजिट गर्नेगरी सहयोग आएको थियो, २० हजार को जोहो गर्न नसक्दा करौले पनि बाख्रा लिनु भएन" विष्णुमायाले भनिन् ।

स्थानीय विकासको लागि टोल विकास समितिहरूलाई सक्रिय बनाउन नसक्दा विकासमा सहकार्य गर्न समस्या भएको वडा अध्यक्ष प्रकाश थापाले स्वीकार गरे । केही टोल विकास समितिहरू सक्रिय छन्, विकासका योजना निर्माणमा पनि सहकार्य गर्छन, केहीलाई अब हामीले थप शसक्त बनाउनु पर्ने छ, त्यो हामी गर्दैछौं" थापाले भने ।

विकट बस्तिहरूमा योजना बनाउँदा टोल विकाससँगै समाजको अगुवाहरूसँग समेत छलफल गर्ने गरेको उनले बताए ।

यता मनहरी ६ प्रतापपुरमा गठिन शुभकामना पुरूष समूहको अध्यक्ष बुद्धि राईलगायतको पहलमा टोलमा तरकारी खेतिको लहर चलेको छ । तरकारीको लागि आवश्यक सिंचाइको व्यवस्थापन भएको छ । मौसमअनुसारको तरकारीको लागि बिउ तथा मल्चिङ प्लाष्टिकहरूमा स्थानीय सरकारबाट अनुदान पाएपछिको सहयोग र समन्वयले स्थानीयहरूको आर्थिक अवस्था मजबुत बन्दै आएको छ । आवश्यकता अनुसार धारा, ट्युबेल छनु, खोलाको पानी कुलो मार्फत ल्याउने व्यवस्था पनि छ । तरकारीबाट राम्रै आम्दानी हुन्छ स्थानीय इश्वरी राइले भनिन् । राइले ३ कठ्ठा जग्गामा भण्टा लगाएकी छिन् ।

जुवातास खेल्ने रक्सी खानेहरू पनि पछिल्लो समय तरकारी खेतितर्फ आकर्षक भएको सामाजिक सहजकर्ता विष्णुमाया तितुङ बताउँछिन् । मकवानपुर महिला उत्थान समूहले टोलमा पुरूषहरूमात्रै रहेको शुभकामना पुरूष कृषक समूह गठन गरेको छ ।

महिलाहरूलाई पनि आर्थिक तथा नेतृत्व विकासमा सशक्त बनाउन गोदावरी महिला कृषक समूह गठन गरिएको छ । टोलको हानिकारक अभ्यास उन्मुलनको लागि महिला समूह र पुरूष समूह साथसाथै लागि पर्ने गरेका छन् । स्थानीय सरकारले टोलको विकासका लागि गर्नुपर्ने काममा पनि हामी सँगै खबरदारी गर्छौं, सँगै योजनाहरू माग्ने गरेको छौं" गोदावारी महिला कृषक समूहकी अध्यक्ष दुर्गा राइले भनिन् "अहिले त वडाले नै हामीलाई बोलाएर आफ्नो योजनाहरू सुनाउँछ, पहिले वास्तै गर्दैनथ्यो, हामीले पनि चासो नदिएर हो की ?"

वडाबाट प्राप्त अनुदान तथा सहयोगले आफूहरूको जीवनस्तरमा धेरै राहत भएको दुर्गाले बताइन् । यहाँ गठित प्रतापपुर टोल विकास समूह अध्यक्ष कालेबहादुर राइका अनुसार वडाले टोल विकासलाई भने खासै समन्वय गर्ने गरेको छैन । सबै जानकारी शेयर हुदैन, सहयोग त गर्ने योजना यसपाली पर्छ भन्ने आश्वासन हामीले पाएका छौं" उनले भने । ६ नम्बर वडा सदस्या विष्णु भक्त राईले सबै स्थानीयहरू सचेत भएको कारण योजना बनाउँदा र बजेट राख्दा पनि सल्लाह हुने गरेको बताए । यो बस्तिमा ३६५ भन्दा बढी परिवारको बसोवास छ । "सबैले एकजुट भएर माग राख्छन्, केही सुनुवाइ हुन्छ, सबै त पुऱ्याउन पनि समस्या हुन्छ" उनले भने । समूहले सामसामयिक सवालमा स्थानीय सरकारका प्रतिनिधिहरूलाई राखेर सावजनिक सुनुवाइ गर्ने गरिएको सहकर्ता तितुङले बताइन् । "स्थानीय तहहरूले बल्ल चासो दिन थालेका छन्, अब चासो दिन थालेपछि उताबाट पनि मर्यादा गर्ने रहेछन्" तितुङले भनिन् ।



आकर्षक गन्तव्यमा

डङ्गुर फोहोर

○सरिता दाहाल



मकवानपुर । मकवानपुरगढी गाउँपालिका ४ को मनकामना मन्दिरतिर उकाली लाग्नेहरुलाई पहिला सुन्दर हरियाली, चरीको चिरबिर, चिसो हावाले स्पर्श गर्छ । तर त्यो अनुभूति धेरैबेर टिक्दैन किनकि केही मोड पार गर्नासाथ भेटिन्छ, प्लास्टिकका खोल, पानीका बोतल, बियरका सिसा, र मनभरिको निराशा।

हेटौंडा शहर नजिकैको यो लोकप्रिय गन्तव्य दिनदिनै आकर्षणले होइन, फोहोर ले चिनिन थालेको छ । यात्रुको भीड जति बढ्छ, फोहोरको थुप्रो त्यति नै बाक्लिँदै जान्छ। पहिले वनको सुगन्ध आउने ठाउँमा अहिले दुर्गन्धले दिक्दारी थप्छ ।

मनकामना मन्दिरको चहलपहल, बिहानपख योग गर्ने, चिया पिउँदै सूर्यदय हेर्नेहरुको भीड अझै पनि यहाँ उपस्थित हुछन्। तर ती सबैको अनुभूति बिगार्ने मुख्य तत्व एउटै छ अव्यवस्थित फोहोर।

गन्तव्य आकर्षक छ, तर उंभो लाग्ने बाटोमा थुप्रिएका फोहोरले यात्रुको मनमग्नतालाई विथोल्ने गर्छ । प्रकृतिको मधुरतामा मानवीय गतिविधिले थुप्रेको फोहोर बाधक बनेको छ।

हाइकिङ गर्नेहरू, मर्निङ वाक गर्नेहरू, ड्राइ पिकनिकमा आउने समूहले प्याकिङ गरेको प्लास्टिक, पानीका बोटल, बियरका सिसाहरू तथा कार्टुनहरू फाल्ने गरेको कारण बाटो र प्रतिक्षालयमा फोहोरको डङ्गुर थुप्रिएको छ । जसले गर्दा बाटो मात्रै हैन वातारण दुर्गन्धित भएको छ । वन्यजन्तुको स्वास्थ्य र वातावरणीय स्वच्छतामा असर परेको छ ।

मनकामना क्षेत्रबाट हेटौंडातर्फ मजदुरी गर्न झर्नेहरूले साँझ फर्कदा बियर लगायतको पेय पदार्थ बोकेर उभो लाग्ने र प्रतिक्षालयमा बसेर खाने रमाइलो गर्ने त्यसपछि फोहोर त्यही छाड्ने गर्नाले पनि फोहो बढेको स्थानीय कमल घिमिरेको भनाइ छ ।

“बाटोमा फालिएका फोहोरले नाकै थुनेर उकालो चढ्नु पर्ने भैसक्यो, पर्यटनकलाई कसरी स्वागत गर्ने यस्तो बाटोले” हेटौंडाबाट नियमित मर्निङ वाकमा जाने वसन्त थापाले भने ।

पर्यटकीय गन्तव्यमा फोहोर थपिँदै गएको प्रति स्थानीय सरकार, स्थानीय सामुदायिक वन, स्थानीय टोल विकास संस्था सबै जानकारी छन् तर फोहोरको दीगो व्यवस्थापनतर्फ भने सबै तै चुप मै चुप छन् । “सम्बन्धित सबैले एक अर्कोको मुख ताकेर फोहोरको व्यवस्थापन नभएको हो” हेटौंडाबाट नियमित मर्निङ वाक जाने पुष्पकल दाहालले भने ।

वनक्षेत्रमा भइरहेको यो प्रदुषणबारे पिप्ले पोखरा सामुदायिक वन उपभोक्ता समितिले पनि हालसम्म कुनै कार्य नगरेको अध्यक्ष रामहरि चौलागाईले स्वीकार गरे । रोकथामको लागि स्थानीय टोल विकास समूह र वन समिति मार्फत सयुक्त पहल गर्ने अध्यक्ष चौलागाई बताउँछन् । “वन सबैको साझा सम्पत्ति हो, सबैले अपनत्व र जिम्मेवारी लिएर सफा राख्नु पर्छ भन्ने सचेतना जगाउन सकिएको छैन अब हामी पहल गर्छौं” अध्यक्ष चौलागाईले भने ।

यता डिभिजन वन कार्यालय हेटौंडाका वन तथा जैविक विविधता शाखाका वन अधिकृत वसन्तराज गौतम फोहोरको डङ्गुर मा रहेका सिसाले वन्यजन्तुको खुद्रा काढने डर बढेको बताउँछन् । “वन्यजन्तुको प्रजनन स्वास्थ्यमा समेत असर पर्न सक्छ, यसलाई निगरानी गर्नको लागि उपमहानगर र मकवानपुरगढी गाउँपालिकासँग समन्वय गर्नु आवश्यक छ, अब पहल गर्छौं” गौतमले भने “वन ऐन अन्तरगत कारवाही गर्ने तर्फ हाम्रो ध्यानाकर्षण भएको छ ।” यसको लागि समन्वयकारी भूमिका आफूहरूले गर्ने र सबैभन्दा जिम्मेवार स्थानीय तहलाई बनाउने कोशिश गरिने गौतमले बताए ।

वन संरक्षण तथा वातावरणीय स्वाच्छताको पाठोलाई समेत ध्यानमा राखेर आगामी कार्ययोजना बनाउन प्रयास गर्ने उनले बताए । “फोहोरले पर्यटकीय क्षेत्रको शोभामा बाधा पुगेको छ, सरकारी सम्पत्तिको संरक्षणबारे सचेतना जगाउने कार्यक्रम गर्नु पर्ने आवश्यकता बुझेका छौ, तर बजेटको व्यवस्थापन गर्न सकिएको छैन” उनले भने ।

वनमा थुप्रेको फोहोरले पैदलयात्रीलाई मात्रै हैन वन्यजन्तुलाई पनि प्रत्यक्ष असर पारिरहेको छ । “वातावरण त यसै पनि दुर्गन्धित भयो नै, वन्यजन्तु, माटोलगायतमा समेत असर परिरहेको छ” प्रातकालिन हिडाइमा भेटिएका हेटौंडाका यातायात व्यवसायी हरि राउतले भने ।

यहाँ थुप्रेको फोहोरले पानीको स्रोतमा समेत असर परेको छ । यसै वनको खोल्सामा रहेको पानीको मुलबाट संकलन गरिएको मनकामना खानेपानी उपभोक्ता समिति मार्फत वितरण गरिएको पानीमा गत भदौमा हैजाको किटाणु देखा परेको थियो । यहाँबाट वितरण गरिएको पानी हेटौंडा ५ सिंचाइ टोलका झण्डै ५० घरले उपभोग गर्छन । “पानीमा हैजाका किटाणु भेटिएपछि उमालेर वा अन्य विधिबाट शुद्धिकरण गरेर पिउनको लागि उपभोक्तालाई हामीले सार्वजनिक रूपमा सूचना जारी गर्यौ, फोहोरको कारण धेरै समस्या भएको छ” उपभोक्ता समिति अध्यक्ष कृष्ण प्रसाद देवकोटाले भने ।

फोहोर व्यवस्थापनको लागि एक वर्ष अघि स्थानीय अभियन्ता रविन्द्र गौतमको समूहले बाटो छेउमा फोहोर राख्नको लागि टिनको व्यवस्था गरेको थिए । तर हाल ति डष्टविनहरू नै छैनन् । बाटोको सरसफाइको लागि सचेतनामूलक बोर्डहरू पनि राखेको छ, तर बोर्डभएको मुन्तिर फोहोरका डङ्गुर छन् ।

जम्मा भएका फोहोरलाई व्यवस्थापन गर्नको लागि मकवानपुरगढी गाउँपालिका वडा ४ ले पनि केही योजना बनाएको छैन । स्थानीयलाई सचेत गराएर मात्रै वनक्षेत्र र बाटोको फोहोर कम हुने देखिदैन, पैदलयात्री कहाँबाट आउँछन् फोहार फाल्छन्, हाम्रो निगरानी र नियन्त्रणभन्दा बाहिर भएकोले हामी पनि तनावमै छौ” वडा ४ का अध्यक्ष अजुर्न प्रसाद तिमल्सिनाले भने ।फोहोरको दीगो व्यवस्थापनको लागि केही कार्ययोजना हाल नबनेको उनले पनि स्वीकारे ।

फोहोर दीगो व्यवस्थापनको योजना नभएपछि हेटौंडा उपमहानगरपालिकाले समय समयमा आफ्नो सफाइकर्मीहरू मार्फत फोहोर संकलन गरेर उपमहानगरको फोहोर डम्पिङसम्म लैजाने गरी आगामी दिनमा काम गर्ने महाशाखा प्रबन्धक जगन्नाथ सापकोटाले बताए ।

किसानको आम्दानीको थलो

पर्यटकीय गन्तव्य मनकामना, स्थानीय किसानको आम्दानीको थलो पनि हो । मन्दिरको आसपासमा पूजा सामग्रीका पसलहरू मात्रै हैन विहानीका खाजाका परिकारहरूले भरिएका पसलहरू पनि छन् । “ल है चिया, कफि, सेल रोटी, चप के लिनुहुन्छ” धुँवाले रसिला भएका आँखा मिल्दै ४७ वर्षिया विष्णुमाया पुडासैनीले भनिन् । विहान केही घण्टा यहाँ व्यापार गरेर गाईवस्तुलाई घाँस सोतर गर्न जान्छिन् विष्णुमाया । विष्णुमायाकै छाप्रे होटलसँगै ६५ सरला आचार्यको तरकारी पसल । यहाँ सरलाजस्तै सयौले आफ्नो बारीको तरकारी, फलफूल बेच्छन् । “साँझ बारीबाट संकलन गरेर ल्याउँछु, बाहिर सित पर्ने ठाउँमा राख्छु, विहान भिसमिसेमै यहाँ ल्याउने हो, एक डेढ घण्टामा सबै सकिन्छ” सोममाया लामाले भनिन् । आफूले उब्जाएको साग, सिमीलगायतको तरकारी, भोगटे, हलुवाबेद, बेच्न राखेकी छिन् सोममायाले । पिप्ले पोखरा सामुदायिक वनको कार्यक्षेमा छ मनकामना पैदल मार्ग । यहाँ पैदल यात्रा गर्नकै लागि हेटौंडाको विभिन्न स्थानबाट यात्रुहरू आउँछन् । हेटौंडा उपमहानगरपालिकाको विभिन्न वडाबाट विशेषगरी दुइपाङ्ग्रे सवारीमा मनकामना पैदल मार्गको फेदीसम्म आइपुग्छन् । सिंचाइ कुनामा सवारी पार्किङपछि तय गर्छन आफ्नो उकालीको पैदल यात्रा । सामुदायिक वनको हरियाली, चराचुरुङ्गीको चिरविर, बाँदर र डेडुहरूको लुकामारी अनि मृग र चित्तलहरूको चरण नियाल्दै उकाली चढ्नुको मज्जा आनन्दमय रहेको बताउँछिन् हेटौंडा ८ कि गंगा लामिछाने ।



मनकामना मन्दिरको आसपास हर विहानी निकै चहलपहल हुन्छ, शनिबार भीड अझै बाक्लिन्छ । मन्दिर दर्शन र प्रातकालिन हिंडाइमा सहभागी हुनेहरूको रौनकले सानोतिनो मेलाकै आभाष दिन्छ यहाँ । हेटौंडा उपमहानगरपालिका वडा न. ५ सिँचाइकुना, वडा ५ राइटोल, वडा ३ सामरी पुललगायतबाट मर्निङ वाकको लागि सिँढी र स्ल्याब बाटोको व्यवस्था छ । मकवानपुरगढी ५ धादिङ, भालुखोला, मत्रागाउचुलीबाट पनि सुविधायुक्त बाटो बनेपछि यस मन्दिरमा आउनेहरू बढेका छन् । मन्दिरबाट सूर्यदयको रमणीय दृश्य हेर्न पाइन्छ । गर्मिमा चल्ने चिसो हावाले पैदल यात्रीलाई आराम दिन्छ भने चिसो मौसममा पनि यहाँको मोह घट्दैन ।

विहानीको उषामा मात्रै हैन साँझ पनि यहाँको भीड उस्तै हुन्छ, साँझमा मन्दिरको प्राङ्गणामा बसेर हेटौंडा बजारको झिलिमिलि हेर्न झनै मज्जा हुन्छ । दिउँसो भने वनभोज खानेहरूको चहलपहल हुन्छ ।

पिप्ले पोखरा सामुदायिक वनको हरियाली र मनोरम दृश्यमा रमाउनेहरू यहाँ डूइ पिकनिकको लागि आउने गर्छन । उकालीको विभिन्न बिसौनीहरूमा प्रतिक्षालयको व्यवस्था गरिएको छ । थकान बसौनीको लागि उपमहानगरपालिकाले सिमेन्टको बेञ्च व्यवस्था गरेको छ । कतै समथर, कतै उकालो, कतै सिंडी, कतै प्रतिक्षालय, अनि कतै पिकनिककै लागि व्यवस्थित स्थलहरू पानीको धाराहरूको व्यवस्था छ ।

दाम्पत्य जीवनको उदाहरणीय जोडी

श्रृखला १

दाम्पत्य जीवन–दुई मनको ऐना हो जसले एक-अर्कामा आफ्नै उज्यालो देख्छ । तिमी र म होइन, "हाम्रो" बाट सुरु हुन्छ प्रेमको असल यात्रा, दुई जनाको साथ–एक जीवनको शक्ति,सम्झदारी सुगन्ध हो । यो नै प्रेमको आत्मा हो । जहाँ विश्वास बस्छ, त्यही घरमा दाम्पत्य फूल फुल्छ । सपना एउटै होस्, बाटो फरक भए पनि कदम मिलून्, दाम्पत्य–सम्बन्ध होइन, जीवनभर साथ दिने वाचा हो । दुइबीचको माया, घरको सबैभन्दा सुन्दर सजावट हो, शहरको आलिसशान बसाइमा हैन, विकट बस्तिमा दाम्पत्य जीवन सहज बनाउनेहरु केही उदाहरण हामीले यहाँ श्रृखलाबद्ध रुपमा प्रस्तुत गर्ने जमर्को गरेका छौ ।

"हामी दुबैले सहकार्यको सवाल बुझेका छौ, यसै कारणले जीवन सुखमयमात्रै हैन उदाहरणीय भएको छ । वरपरका छिमेकीहरु पनि हाम्रो दम्पत्य जीवन उदाहरण लिनुहुन्छ"



फुलमायाको साहस,डेमाको सफल जीवन

मनहरी ३ की फूलमाले १८ बर्षमा बिहे गर्नुभयो । डेमा बलसँग प्रेम विवाह गरेपछि विहे लगत्तै धेरै दुख पाउनु भयो।लगत्तै छोराछोरी जन्मिए । तर श्रीमानको साथ राम्रो भएन । छोराछोरी सानासाना हुँदा नै श्रीमान घरमा कम बाहिर बढी हुनुहुन्थ्यो । त्यो बेलामा धेरै प्रकार को हिंसा पनि भोग्नुभयो फूलमायाले । "श्रीमान्ले साथ दिनुभन्दा रक्सी खाएर बाहिर बाहिर हिड्नु हुन्थ्यो, जीवनबाटै आजित भएको थिएँ" फूलमायमाभन्नुहुन्छ "नपढेर चाँडो विवाह गरेर दुख पाँए भनेर धेरै पीडा हुन्थ्यो, पछुतो लाग्थ्यो ।"

समय बित्दै गयो । संघर्ष गर्नुको विकल्प फूलमायासँग थिएन । छोराछोरी हुर्काउँदै घर धानिरहनुभयो । केही समयको अन्तरालपछि श्रीमान डेमा वैदेशीक रोजगारीमा जानु भयो । घरको मायाले उहाँलाई पनि सताउन थाल्यो । अनि फूलमायाले कल्पना गरेभन्दा बढी सुधार आयो श्रीमानमा । अनि त जीवन ठ्याक्कै उल्टियो । त्यसपछि श्रीमानको साथले फूलमायालाई मात्रै हैन, डेमालाई पनि घर व्यवहार चलाउनदेखि सबै प्रकारको कारोवारमा पनि सजिलो भएको छ । छोराछोरीले दुबैको माया पाए, पढाइमा राम्रो गर्दै गए ।

अहिले डेमा सबै काममा उत्तिकै सहभागी हुनुहुन्छ । "अहिले घर चलाउने मात्रै हैन घरको सरसफाइ, खाना बनाउने, भान्साको सबै काममा श्रीमानको साथ छ, महिलाले यो काम गर्नु पर्ने भन्ने छैन" उहाँ भन्नुहुन्छ "श्रीमतीको लागि भनेर काम छोड्ने हैन, जसले जे काम देख्छ, गरिहाल्छौ ।"

उहाँहरूको किराना पसल छ, साथै मासु पसल पनि छ, मासुको लागि कुखुरा आफैंले पाल्नुभएको छ । अर्गानिक तरकारी खेती गर्नुभएको छ दुबै मिलेर सबै काम गर्छौं ।

हर विहान कामको चाप बेरुसरी हुन्छ । घरको सरसफाइदेखि पानी भर्ने कुखुरालाई आहरा दिने काम हुन्छ । यतिबेलै किराना पसल र मासु पसलमा पनि भीड हुन्छ । हामी दुबैले मिलेर सबै काम गर्नुहुन्छ, र त सबै संभवको भएको छ ।

उहाँहरूले पसल सुरू गर्दा पनि सल्लाहमा नै सुरू गर्नुभयो । अहिले पसलमा सामान थप्दा, आर्थिक कारोबार गर्दा सबैमा सल्लाह हुन्छ । केका लागि कति लगानी गर्ने, पसलबाट कसको घरमा कति कति उधारो बाँकी भन्ने उहाँहरू दुबैलाई थाहा हुन्छ । अहिले फूलमायाका श्रीमान डेमा दिउँसो सामाजिक कारममा व्यस्त हुनुहुन्छ, फूलमाया घर पसल तथा तरकारीको काम गर्नुहुन्छ । घरको आर्थिक फूलमायाले नै हेर्नुहुन्छ । "महिलाले चलाएको घर पुरूषले चलाएको भन्दा धेरै राम्रो, चल्छ, मेरो साथ मेरी श्रीमतीलाई" डेमाले भन्नुभयो ।

"जतिबेला मैले बाटो बिराएको थिएँ, श्रीमतीलाई धेरै कष्ट भयो, देश गएँ, फर्के, अहिले त्यै घर स्वर्गजस्तो भएको छ" उहाँले भन्नुभयो । दुई दशक देखि जीवन अत्यन्तै खुसी भरिएको फूलमाया बताउनुहुन्छ । "सोचेको पनि थिइन् यसरी जीवनमा खुसी फुल्छ भनेर" उहाँहरू भन्नुहुन्छ "दुबैको सहकार्यले पो घर र घर व्यवहार उत्तम हुने रहेछ ।"



शुभद्रा र सुकुको रहर लाग्दो सहकार्य

सुकुबहादुर प्रजा ४७ वर्ष हुनुभयो । झण्डै २ दशक उहाँले ठेक्कपट्टाको काम गर्नुभयो । त्यो बेला उहाँलाई घरको अन्यकामको चासो हुदैनथ्यो । घरायसी काम महिलाले गर्ने हो भन्ने लाग्दथ्यो । कमाइको केही पैसा घरको लागि खर्च हुन्थ्यो बढी उहाँले जुवातास र र क्सीमा सिद्याउनु हुन्थ्यो ।

"त्यो समय साम्झदा अहिले आफैंलाई पछुतो लाग्छ" सुकुबहादुर भन्नुहुन्छ "धन्न बेलैमा मैले बानी सुधार गरैं ।" अहिले उहाँ घरैमा हुनुहुन्छ, परिवार मिलेर पाडा पाल्नुभएको छ । दैनिक ज्यालाजारीमा पनि श्रीमती शुभद्रामात्रै खुट्नु हुन्न । दुबै बरोबरी मेहनत गर्नुहुन्छ ।

उहाँहरूको दुइ छोरा एक छोरी छन् । आमा बुबाले मिलेर काम गरेको देखेपछि परिवार पनि धेरै खुसी छ । "घरमा श्रीमतीले सबै धानेकै कारण त घर सफल छ । मेरो सबै सफलता श्रीमतीको खटाइको कारण हो" सुकुबहादुर भन्नुहुन्छ ।

"घरमा रहदा उहाँले सबै काम गर्नुहुन्छ, हामी दुइमा काम महिला र पुरूष भन्ने छैन, कपडा धुने, सरसफाइ गर्ने, गोठको काम गर्ने सबैमा मन लगाएर गर्नुहुन्छ" शुभद्रा भन्नुहुन्छ "अरूको श्रीमान्हरूले जुवातासमा समय बिताएको देख्दैछु, मेरो श्रीमान्को सहकार्यप्रति मलाई गौरव छ" शुभद्राले भन्नुभयो ।

सुकुबहादुरलाई लाग्छ, महिलाको ज्यान पुरूषको कमजोर हुन्छ । शुभद्रालाई चिसोले चाँडै सताउँछ, त्यसैले पानी छोएर गर्नुपर्ने काम अधिकांश सुकुबहादुरले नै गर्नुहुन्छ । केही छोरीले पनि सघाउँछिन् । शुभद्रा विभिन्न समूहहरूमा पनि जानु पर्ने हुन्छ । उहाँको बाटो हेरेर बस्ने संकार उहाँहरूमा छैन ।

"समयमा गर्नु पर्ने काम समयमै गर्नु पर्छ, एउटाले बाटो हेरेर अर्को बस्यो भने कसरी हुन्छ" उहाँ भन्नुहुन्छ । मैले घरायसी काममा हात लगाएको देखेर छोराहरूले पनि घरको काम सघाउँछन् । परिवार सधै खुसी छ ।

पहिले पहिले म रक्सी खान्थें, घरमा कर्म आउँथे, आर्थिक रूपमा पनि समस्या थियो । श्रीमतीलाई सघाउने उनको सल्लाहले खर्च गर्ने गर्दै आएपछि आफ्नै घर राम्रो हुने रहेछ । मैले जीवनमा यही सिके । घरको लक्ष्मी यत्तिकै भनेको हैन रहेछ भन्ने लाग्छ । ३० वर्षजति भयो मैले रक्सीमात्रै हैन, कुनै पनि लत छोएकै छैन । यसपछि मात्रै मेरो घर साच्चै घरजस्तै भएको हो ।

पाडा बाच्छा पालेका छौ, कुखुरा पालेका छौ । यिनीहरूको बेच्न किन्न पनि सबै काममा हामी सबै मिलेर गर्छौं । धेरै खेतीपाती र कारोवार त छैन, जे छ मिलेर गर्दा हामी सफल छौ । छोराछोरीलाई राम्रो पढाउन सकेका छौ । खुसी र सुखी छौ । पालेपालो काम गर्दा दुबैलाइ सुविस्ता हुन्छ, एउटाले अर्कोलाई सानो देख्ने हेप्ने गर्यो न एक अर्कामा माया हुन्छ, न सम्मान हुन्छ ।

"हामी दुबैले सहकार्यको सवाल बुझेका छौ, यसै कारणले जीवन सुखमयमात्रै हैन उदाहरणीय भएको छ । वरपरका छिमेकीहरू पनि हाम्रो दम्पत्य जीवन उदाहरण लिनुहुन्छ" शुभद्राले भन्नुभयो ।



सन्तबहादुर र बिन्दाको धौर्यता

मनहरी ३ डेडुखोलाका सन्तबहादुर ४९ वर्ष लाग्नु भयो । हरेक दिन बिहानै उहाँ घाँस खोज्नको लागि घरबाट डेढ २ घण्टाको बाटो ढाढा जंगलमा जानु हुन्छ । आफ्नो मिरालो बारीमा अर्गानिक तरकारी खेती गर्नु भएको छ । मेहतन गर्नेलाई समयको अभाव हुदैन । घाँस सोतर गरेर बारीमा मल भरेर तरकारी उत्पादन गरे पनि ठक्केमा खेत लिएर थप आम्दानीको बाटो पनि तय गर्नु भएको छ । बारी र खेतको काम उही समय पर्दैन, समय मिलाएर काम गर्दा आर्थिक रूपमा पनि सहज हुन्छ भनेर ७ कट्ठा खेत भाडामा लिएर तरकारी खेती गर्नुहुन्छ ।

उहाँको श्रीमती ४३ वर्षिय बिन्दा पनि उसै गरी खट्नु हुन्छ । घर बाट झण्डै एक किलोमिटरको दुरिमा भाडामा लिएको ७ कट्ठा खेत छ, जहाँ कात्तिकको दोस्रो साता धान झुलिरहेको थियो । धानको आडैमा हुर्कदै थियो भण्डाको बिउ । "धान काटेपछि भण्डा खेति गर्ने हो" श्रीमती बिन्दाले भनिन् "दुख त अलिअलि हुन्छ, सिजनमा भाउ लिएर बेच्न पायो भने आम्दानी पनि हुन्छ नि ।" खेतमा कुन सिजनमा के लगाउने प्रस्ताव र निर्णय उहाँहरू दुबै मिलेर गर्नुहुन्छ ।

बिहानै सन्तबहादुर घाँस जानुहुन्छ, श्रीमती बिन्दाले खेतको आडमा रहेको गोठमा भकारो पानी गर्नुहुन्छ । खेतको हेरचाह सकेर बिहान ढल्केपछि घरमा आइपुग्नुहुन्छ, घाँसको भारी बोकेर सन्त घरमा आइपुग्दा घरमा खाना तयार हुन्छ । खाना पनि दुबैको नियमित काम सुरू हुन्छ खेत र गोठमा । "जस्तो काममा पनि उहाँ (श्रीमान) साथै हुनुहुन्छ, मैले एक्लो गर्ने काम नै छैन" श्रीमती बिन्दाले भन्नुभयो "उहाँले भ्याएको उहाँले गर्नुहुन्छ, हामी दुबै सबै काम सँगै गछौं" सन्तबहादुर भन्नुहुन्छ । "दुबै जना मान्छे हौ, महिला र पुरूषको काम पनि फरक हुन्छ र ?" सन्तबहादुर भन्नुहुन्छ "साथीहरू जुवातास रक्सीमा रमाउने पनि छन्, मलाइ त्यता रूचि छैन ।"

पहिले काठको काम गर्न बाहिर जानु हुन्थ्यो । घरको काममा बिन्दा एक्लै पर्नुहुन्थ्यो । बस्तुभाउ, खेती र बालबालिकोको रेखदेख एक्लै गर्नुहुन्थ्यो ।पछिल्लो केही वर्ष सन्तबहादुर पनि घरैमा हुनुहुन्छ । उहाँले धेरै काममा सहायता गर्न थालेपछि सहज छ । सल्लाह बिना एउटाले मात्रै काम गर्ने खर्च गर्ने गर्दा एकले गर्‍यो भने अर्कोको मन दुख्छ, मन मुटाव यहीबाट सुरू हुन्छ । हामी बुढाबुढी मिले पो छोराछोरीले राम्रो मान्दैनन् । श्रीमती बिन्दा समाजको विभिन्न समूहहरूमा आवद्ध हुनुहुन्छ । समूह, घर व्यवहार बढी बिन्दाले नै हेर्नुहुन्छ । घरको सरसफाइदेखि भान्सालगायत सबै काममा सहभागी हुनुहुन्छ सन्तबहादुर । घरको आर्थिक पाटो बिन्दाले नै गर्नुहुन्छ । पहिले पहिले सन्तबहादुरले आर्थिक पाटो सम्हाल्नु हुन्थ्यो, पछिल्लो २ दशक देखि बिन्दाले नै सबै आर्थिक पाटो सम्हाल्नुहुन्छ । बिन्दा भन्नुहुन्छ "उहाँले नै मलाई तिमी घर चलाउ भन्नुभयो, मलाइ पनि उहाँले नै भरोसा दिनुहुने हो, श्रीमतीले नै वा श्रीमान्ले नै चलाउनु पर्ने भन्ने हैन ।"

सन्तबहादुरमा केही वर्ष अघिसम्म रक्सी पिउने आदत थियो । रक्सीको कारण दिनहुँ घर झगडा हुन्थ्यो । बिन्दा भन्नुहुन्छ "एकले अर्कोलाई पिटापिटसम्म हुन्थ्यो" बिन्दा भन्नुहुन्छ, उहाँले खाएर आएपछि म केही सहनै सक्दैनथे, उहाँले मुख छाडेपनि म हात नै छाडिदिन्थे दुबैले दुबैलाई पिट्थ्यौ, अहिले सम्झदै त्यो सपना जस्तो लाग्छ।"

पछिल्लो १८ वर्षदेखि सन्तबहादुरले रक्सि पिउन त्यागेको छोड्नु भयो अनि बन्यो उहाँहरूको घर स्वर्ग जस्तै । अहिले टोलमा उहाँहरूलाई सबैले उदाहरणीय जोडिको रूपमा हेर्नुहुन्छ । "चाहयो भने श्रीमतीलाई माया गरेर, काममा सहयोग गरेर घर नै शान्त र स्वर्ग बन्ने रहेछ भन्छन्" सन्तबहादुरले भन्नुभयो ।

उधौली पर्व, य:मरी र धान्य पूर्णिमा पर्व मनाउँदै





○सहीखर संवाददाता

मकवानपुर । मार्गशीर्ष शुक्ल पूर्णिमाका दिन आज पितृको मान र प्रकृतिको सम्मानका रुपमा किराँत समुदायले उधौली पर्व मनाउँदैछन् ।

यसै पर्वलाई नेवार समुदायले य:मरी र खस आर्यले धान्य पूर्णिमा पर्व मनाइन्छ । किराँत समुदायका याक्खाले चासुवा, सुनुवारले फोलस्यादर, राईले उधौली सकेला र लिम्बूहरुले चासोक तङ्नाम पर्वका नाममा उधौली धुमधामसँग मनाउँदैछन् । लिम्बूहरुले चासोक तङ्नाम पर्व तीन दिनअघि नै मनाउन सुरू गरेका थिए । यो पर्वको पहिलो दिन थियो । आज संयुक्त रुपमा यस समुदायका सबैले उधौली सकेला अर्थात् उधौली पर्व मनाउँछन् । किरात संस्कृतिबारे अनुसन्धानरत कीर्तिकुमार दुमी राई किराँतमित्रका जातजातिले मनाउने यो पर्वलाई फरक फरक नाम दिए पनि समग्रमा उधौलीका नामले चिनिने बताउँछन्।

किराँत समुदायले आफूले लगाएको अन्नबाली पाकेपछि इष्टदेवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गर्ने दिनलाई पर्वका रुपमा मनाउँछन् । बाली लगाउने बेलामा भने किराँत जातिमा यावा अर्थात् उँभौली पर्व मनाइने प्रचलन छ ।

नेवार समुदायले य:मरी पूर्णिमा अर्थात् य: मरी पुन्हि मनाउँदैछन् । 'य:' को अर्थ नेपाल भाषामा मनपर्ने, 'मरी' भनेको रोटी र पुन्हिको अर्थ पूर्णिमा हो अर्थ राख्दै धानको विधिपूर्वक पूजाआजा एवं दान गरी धान्यपूर्णिमा पर्व मनाउने प्रचलन युगौंदेखि जारी छ । नेवार समुदायले तूलो चाडका रुपमा मनाउने गर्छन् । यस पर्वमा खाद्य पदार्थको रसिलो चाडका साथै नयाँ धानबाट बनेको चामलको पिठोमा चाकु, खुवा र तिल राखेर मिठो य:मरी बनाउने गरिन्छ ।

खस आर्यको धान्य पूर्णिमा कुल पुजा गरी मनाउने गरिन्छ । धानको विधिपूर्वक पूजाआजा एवं दान गरी धान्यपूर्णिमा पर्व मनाइँदै छ । मङ्सिर मा धान भित्र्याएपछि शुक्ल पूर्णिमामा धान, गणेश, कुलदेवता, गौडु देवता, गोठ देवता, महारू, महालक्ष्मीलगायत देवताको पनि पूजा गरी नयाँ भित्रिएको धान कुटेर चामल बनाउने र त्यसबाट पीठो पिँधेर रोल, बाबर, पुरी मालपुवा बनाएर चढाउने परम्परा छ ।

यस अवसरमा आज काभ्रेपलाञ्चोकको धनेश्वर, भक्तपुरको अनन्तलिङ्गेश्वर, काठमाण्डौको चम्पादेवी, नुवाकोटको शिखरबँसी र दुप्चेश्वरलगायत ठाउँमा मेला लाग्ने गर्छ ।

खस आर्यले मनाउने धान्य पूर्णिमा, नेवार समुदायले मनाउने य: मरि पुन्हि अर्थात् योमरी पूर्णिमा र किराँत समुदायले मनाउने उधौली पर्वको भाव मने एकै छ । नयाँ अन्न बाली भित्र्याएपछि आ आफूले मानेका देवी देवतालाई चढाएर खाने परम्परा । यस पर्वका अवसरमा विगतमा काटिएको बिदालाई सरकारले पुन: दिन थालेको छ । यस अवसरमा आज देशभर सार्वजनिक बिदा दिइएको छ ।

२० मंसिरबाट कान्ति राजमार्ग ६० दिन बन्द

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेवसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या:-२०८२/८३
च.नं. २०६९

मिति:-२०८२/०८/१७
ने.सं. ११४६ बुधवार, थिंल्लाघ्व १३

सार्वजनिक सूचना !

कान्ती राजमार्ग सडक योजना एकान्तकुना ललितपुरको च.नं.१३४ मिति २०८२/०८/१६ गतेको पत्रवाट उक्त सडक योजनाको कार्यक्षेत्र अन्तर्गत रहेका मकवानपुर जिल्लाको वकैया गा.पा.११, सिमात खोला घुम्ती, ललितपुर जिल्लाको वागमती गाउँपालिका वडा नं.२ तामाखानी तथा ऐ.३ पाडदुर भिर र वागमती गाउँपालिका वडा नं.३ कार्किवास लगायतका क्षेत्रहरुमा Road widening तथा Cutting कार्य भई राजमार्ग स्तरोन्नती गरिने भएकाले उक्त कार्य प्रभावकारी रुपमा सम्पन्न गर्न मिति २०८२/०८/२० गतेदेखि ६०(साठी) दिनसम्म विहान ११:०० वजेदेखि बेलुका ५:०० वजेसम्म उक्त सडक खण्डमा सवारी सञ्चालनमा पूर्ण रुपमा रोक लगाउने भनी लेखि आएको हुँदा सो अवधिभर कान्ती राजमार्ग हुदै यात्रा गर्ने सवारी साधनहरुले वैकल्पिक मार्ग प्रयोग गर्नु/गराउनु हुन यसै सूचना मार्फत जानकारी गराईन्छ।

२०८२/८/१८
गुणराज प्रसाद न्यौपाने
प्रशासकिय अधिकृत

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडालाई काठमाडौं उपत्यकाको सातदोबाटो जोड्ने वैकल्पिक मार्ग कान्ती राजमार्ग ६० दिन बन्द हुने भएको छ । उक्त मार्गमा निर्माणको कार्य गर्नु पर्ने भएकोले २० मंसिर २०८२ बाट ३ महिना (६० दिन) बन्द रहने भएको हो ।

उक्त अवधीमा विहान ११ बजेदेखि बेलुका ५ बजेसम्म सडक बन्द रहने जिल्ला प्रशासन कार्यालय ललितपुरले जनाएको छ ।

सडक योजनाले कान्ति राजमार्गका केही स्थानहरूमा सडक काट्ने (Cutting) तथा विस्तार (Road Widening) कार्य भईरहेकोले प्रभावकारी रूपमा सम्पन्न गर्न ३ महिना प्रत्येक दिन ६ घण्टा आवागमन पूर्ण रोकिने जिल्ला प्रशासन कार्यलय मकवानपुरले जनाएको छ ।

विहान ११ बजेदेखि बेलुका ५ बजेसम्म सवारी आवागमन पूर्ण रूपमा बन्द हुने भएकोले सो अवधिभर कान्ती राजमार्ग हुदै यात्रा गर्ने सवारी साधनहरूले वैकल्पिक मार्ग प्रयोग गर्न समेत जिल्ला प्रशासन कार्यालय ललितपुरले जानकारी गराएको छ ।

मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले, ❖ शरीरका विभिन्न अंगमा क्षति पुयाउने,
❖ मुटु र मिर्गौलाले काम नगर्ने,
❖ अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न

❖ शरीरको तौल सन्तुलित राखौ
❖ चिल्लो तथा चिनीजन्य परिकार कम खाओ,
❖ जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं
❖ धुम्रपान, मद्यपान नगरौ, नियमित व्यायाम गरौ,
❖ रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाज,
❖ प्रशोधित खानाहरु नखाऔं,
❖ तनाव यवस्थापन गरौ,
❖ नियमित स्वास्थ्य परीक्षण गरौं ।

इन्द्र सरोवर
गाउँपाललिका

रक्तदान जीवनदान

❖ रगतको अभावले बर्षेनि हजारौं मानिसको ज्यान जान सक्छ,
❖ रगत बनाउन वा किन्न मिल्ने वस्तु होईन,
❖ रगत स्वस्थ मानिसबाट दान स्वरुप प्राप्त हुने वस्तु हो,

रक्तदाताले:-

❖ रक्तदान गर्नु अघि हल्का खाना र प्रशस्त पानी पिउनु पर्छ,
❖ अत्याधिक थकान, ज्वरो, र कुनै प्रकारको संक्रमण भए रक्तदान गर्नु हुदैन,
❖ ३-४ महिनामा एक पटक रक्तदान गर्न सकिन्छ,
❖ "रक्तदानपश्चात् केही समय विश्राम गर्नु र पौष्टिक खाना खानु पर्छ,
❖ रक्तदान गर्नुअघि र पछि चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ,
❖ मासिक धर्म, गर्भावस्था वा सुत्केरी महिलाले रक्तदान गर्नु हुदैन,
❖ १८ देखि ६० वर्षका स्वस्थ व्यक्तिले मात्र रक्तदान गर्नुपर्छ,
❖ रक्तदानले स्वास्थ्यमा कुनै असर पार्दैन, बरु यसले नयाँ रक्तकोष निर्माणमा सहयोग गर्छ। **रगतबाट मानिसको ज्यान जोगाउन सकिने हुँदा रक्तदान महादान हो ।**

नेपाल सरकार
विज्ञापन बोर्ड